लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

मिति : २०८०/१२/१४

## एसइई परीक्षा सम्बन्धी जारी अपिल

२०८० सालको नियमित तथा ग्रेड बृद्धि तर्फको एसइई परीक्षा मिति २०८० साल चैत्र १५ गते देखि २७ गते सम्म सञ्चालन हुँदैछ । यस लुम्बिनी प्रदेशमा नियमित तर्फ साधारण धारका ७७३६४ र प्राविधिक धारका २९४६ गरी नियमित तर्फ जम्मा ८०३१० तथा ग्रेड बृद्धि तर्फ ३०९० गरी जम्मा ८३४०० जना परीक्षार्थी सम्मिलित हुँदैछन् । परीक्षा सञ्चालनका लागि १२ वटै जिल्लामा गरी ३४० वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सबै जिल्लाका परीक्षा समन्वय समितिबाट ३४० वटै केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भै जिल्लास्तरमा अभिमुखीकरण समेत भै सकेको छ । परीक्षा सञ्चालनार्थ प्रदेश भरी ३४० केन्द्राध्यक्ष, ५६७ सहायक केन्द्राध्यक्ष, ४१८४ निरीक्षक, ८३४ परीक्षा सहायक र १६६८ कार्यालय सहायोगी गरी जम्मा ७५९३ परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि जनशक्ती परिचालन गरिएको छ । साथै परीक्षालाई भयरहित र शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षा व्यवस्था जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट गरिएको छ ।

यस वर्ष एसइई परीक्षामा सम्मिलित हुने सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरुलाई बिना कुनै डर, त्रास, उच्च आत्मबलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना दिन चाहन्छौं । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सबै परीक्षार्थीहरुलाई शान्तिपूर्ण र भयरहित वातावरणको सुनिश्चिता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्वस्थापन समिति, शिक्षकका पेशागत संघ सङ्गठन, शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछौं ।

(यमबहादुर के.सी.)
नि. महानिर्देशक

provinceedd5@gmail.com
http://eddmos.p5.gov.np